# धनगढी उप-महानगरपालिका

## स्थानीय राजपत्र

**खण्डः६** **संख्याः०८** **मितिः२०७९/०९/२५**

## भाग-०१

धनगढी उप-महानगरपालिका

# धनगढी उपमहानगरपालिका नगर खेलकुद विकास ऐन, २०७९

**नगरसभाबाट स्वीकृत मितिः २०७९।०९।२५**

**राजपत्रमा प्रकाशन मितिः२०७९।०९।२८**

**प्रस्तावनाः**

धनगढी उप-महानगरपालिकामा खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यावसायिक सुरक्षा, संरक्षण र सम्वृद्धि, विभिन्न राष्ट्रिय एवम अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "धनगढी उपमहानगरपालिका नगर खेलकुद विकास ऐन, २०७९" रहको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठित धनगढी उप-महानगरपालिका नगर खेलकुद विकास समितिको अध्यक्ष सम्झनुपर्छ।

(ख) "उप प्रमखु" भन्नाले धनगढी उप-महानगरपालिकाको उप प्रमखु लाई सम्झनुपर्छ ।

(ग) "नगरपालिका/उप-महानगरपालिका" भन्नाले धनगढी उप-महानगरपालिकालाई सम्झनुपर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ङ) "प्रमखु" भन्नाले धनगढी उपमहानगरपालिकाको प्रमखु लाई सम्झनुपर्छ ।

(च) "प्रमखु प्रशासकीय अधिकृत" भन्नाले धनगढी उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित धनगढी उपमहानगरपालिका नगर खेलकुद विकास समिति सम्झनुपर्छ।

(ज) "सदस्य" भन्नाले दफा ३ बमाजिमको समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, सदस्य र सदस्य सचिव समेतलाई जनाउने छ ।

(झ) "सदस्य–सचिव" भन्नाले दफा ३ बमोजिम नगर खेलकुद विकास समितिको सदस्य–सचिव सम्झिनु पर्छ ।

**३. धनगढी उप-महानगरपालिका नगर खेलकुद विकास समितिः** (१) उप-महानगरपालिकामा खेलकुदको विकास गर्नको लागि देहाय बमोजिमको नगर खेलकुद विकास समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्य रहनेछन ।

(क) उप-महानगरपालिको प्रमुख .................................................. अध्यक्ष

(ख) उप-महानगरपालिको उपप्रमुख .................................................. सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत.................................................. सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक.................................................. सदस्य

(ङ) जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वा प्रतिनीधि .................... सदस्य

(च) शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख........................................ सदस्य

(छ) जिल्लास्तरमा खेलकुदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई काम गरेको व्यक्ति मध्ये कम्तिमा एक जना महिला सहित समितिका अध्यक्षले तोकेको दुई जना........सदस्य

(ज) युवा तथा खेलकुद शाखा प्रमुख ........... सदस्य सचिव

(३) समितिको बैठकमा खेल क्षेत्रसंग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि र उपमहानगरपालिकाका सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) खेलकुद क्षेत्रमा विशेष अनुभवी र दक्षता हासिल गरेका व्यक्तिहरु मध्येबाट एक सल्लाहाकार समिति गठन गर्न सकिनेछ ।

**४. पदावधि** : धनगढी उप-महानगरपालिका खेलकुद विकास समितिका मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**५. पद रिक्त हुने अवस्था** : देहायको अवस्थामा सदस्यको पद रिक्त भएको मानिनेछ ।

(क) राजिनामा दिएमा

(ख) नैतिक पतन हुने फौजदारी अभियोग लागेमा

(ग) सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा

(घ) मृत्यु भएमा ।

**६. अध्यक्षको काम, कर्तव्य र अधिकार** : अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सदस्य सचिवलाई बैठक बोलाउन निर्देशन गर्ने

(ख) बैठकको अध्यक्षता गर्ने

(ग) समितिलाई खेलकुद सम्बन्धि नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

(घ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरि समितिमा पेश गर्ने,

(ङ) अध्यक्षले बार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने

**७. सदस्य सचिवको काम, कर्तव्य र अधिकार** : सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दैनिक प्रशासनिक कार्य संञ्चालन गर्ने, गराउने,

(ख) खेलकुद समिति सन्बन्धमा नीति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

(ग) समितिको बैठकको निर्णय प्रमाणिकरण एवं कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिबाट स्विकृत खेलकुद सम्बन्धि नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरि समिति समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरि समिति समक्ष पेश गर्ने,

(छ) खेलाडीको अभिलेख राख्ने

(ज) समितिले तोकेको अन्य कार्य गर्ने, गराउने,

**८. समितिको बैठक र निर्णय**

(१) अध्यक्षको निर्देशन अनसुार सदस्य सचिवले मिति, समय र स्थान तोकी आवश्यकतानुसार समितिको बैठक बोलाउनु पर्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता उपप्रमुखले गर्नेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक कम्तिमा तीन महिनाको एक पटक बस्नेछ ।

(५) बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**९. समितिको काम, कर्तव्य र अधिकार** : दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरु आयोजना गर्ने,

(ख) अन्तर नगर, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनसुार अन्य पदाधिकारीलाई पठाउने ।

(ग) खेलकुदको विकास प्रवर्द्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने गराउने ।

(घ) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, संञ्चालन, संरक्षण तथा रेखदेख गर्ने गराउने,

(ङ) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग गर्ने,

(च) आवश्यकता अनसुार उप-समिति गठन गर्ने,

(छ) आफनो तह र मातहतका खेलकुद सम्बन्धि संघसंस्थाको नियमन गर्ने,

(ज) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृत्ति प्रदान गर्नको लागि उप-महानगरपालिका समक्ष सिफारिस गर्ने

(झ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ञ) फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता संञ्चालन गर्ने व्यवस्था गर्ने गराउने ।

(ट) खेलकुद विकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,

(ठ) खेलकुद पर्यटनको विकास गर्ने,

(ड) परम्परागत खेलकुदको संरक्षण र पर्वद्धन गर्ने,

(ढ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने ।

(२) यस अघि अन्य निकायमा दर्ता, सूचिकरण र अध्यावधिक रहेका खेलकुद सम्वन्धी संस्था यस ऐन बमोजिम दर्ता हुनुपर्नेछ ।

**१०. समन्वय र सहकार्य गर्ने** (१) नगर क्षेत्रको खेलकुद विकासको लागि उपमहानगरपालिकाले जिल्ला खेलकुद विकास समिति, प्रादेशिक खेलकुद विकास समिति, राष्ट्रिय खेलकुद परिषद लगायतका खेलकुदसंग सम्बन्धित व्यावसायिक संघसंस्थासंग समन्वय र सहकार्य गर्न सक्नेछ ।

**११. सदस्यको भत्ता** : दफा ३. बमोजिम गठित समितिका सदस्यहरूलाई समितिको बैठकमा भाग लिए वापत उप-महानगरपालिकाको तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

**१२. नियम बनाउने अधिकार** : यो ऐन कार्यान्वयन गर्न उपमहानगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र संशोधन समेत गर्न सक्नेछ ।

**१३. यस ऐन बमोजिम हुने** : यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

आज्ञाले,

....................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप-महानगरपालिका राजपत्र